जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २ २०७९ साल साउन ३ गते मंगलबार (19 July 2022 Tuesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नवविवाहित महिलाले मनाउने... ३ पृष्ठमा : निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ... ३ पृष्ठमा सुडानको जातीय दङ्गामा...

# भारतीय नोट सटही सुविधा नहुदाँ सर्वसाधारण हैरान





**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**
भारतीय नोटको चरम अभाव देखिएको छ । सप्तरी सदरमुकामराजविराजसहित जिल्लाका प्रमुख बजारमा भारतीय नोट सटही सुविधा नहुँदा नहुदाँ सर्वसाधारण हैरान भएका छन् ।

सीमावर्ती बजारमा किनमेल प्रयोजनका लागी मात्र नभई भारतमा उपचार, शिक्षा, तिर्थ तथा पर्यटन प्रयोजनका लागी पनि भारतीय नोट आवश्यकता पर्छ । अर्को तीर अहिले साउन महिनाको शूरुवातसंगै भारतको झारखण्डराज्यस्थित देवघर ( बाबाधाम) बोलबम जानेहरुको संख्या पनि सप्तरीबाट उल्लेख्यरहने गरेको छ ।

तर भारतीय नोटको अभावका कारण यती तिर्थ गर्नेहरु हैरान परेसान छन् । प्रचण्ड गर्मीर चर्को घाममा समेत उनीहरु विहानै देखि बजारका विभिन्न पसलर बैंकको गेट अघि पुगेर भारतीय नोट साट्नका लागि सोध्ने गरेका छन् । तर, जिल्लामा एउटा पनि भारतीय नोट साट्ने सटही काउन्टर नहुँदा उनीहरु निराश भएका छन् ।

चार वर्ष अघि सम्मराजविराजस्थितराष्ट्रिय बाणिज्य बैंकले भारु सटही सुविधा उलब्ध गराउदै आएको थियो । तर बन्द गरिएको सो सेवा ४ वर्ष वितिसक्दा पनि पुनःसुचारु हुन सकेको छैन । अन्य कुनै बैंक देखि मनिचेन्जरले पनि भारु सटही सेवा उपलब्ध न गराउँदा सर्वसाधारण हैरानी भोग्न बाध्य छन् ।

राष्ट्रिय बाणिज्य बैंक शाखाराजविराजका सहायक प्रबन्धक अजय प्रताप गौतमले माथी कै आदेशबाट भारतीय रुपैया सटही काउन्टर बन्द गरिएकोले सर्वसाधारणलाई सो सेवा दिन न सकिएको लाचारी ब्यक्त गरे ।

यस्तो अवस्थामा कतिपयले महगो दरमा भारतीय नोट साटेर भए पनि गर्जो टार्न बाध्य भएको सर्वसाधारणको गुनासो छ । स्थानीय बजारका केही कारोवारीले सयकडा ५ देखि ७ रुपैया सम्म वट्टा काटेर भारतीय नोट उपलब्ध गराउने भएकाले सर्वसाधारणलाई उनीहरुसँग भारतीय नोट सटही गर्ने काम निकै महँगो पर्ने गरेकोराजिराज ७ का उमाकान्त साहले बताए ।

सर्वसाधारण मात्र नभई यहाँका उधोगी व्यवसायीलाई पनि भारतीय नोटको अभावले उत्तिकै पिरोलेको छ । यसरी भारतीय नोटको अभावले सबै क्षेत्रमा प्रभाव पारेको भन्दै स्थानीयले बन्द गरिएकोराष्ट्रिय बाणिज्य बैंकको भारु सटही काउन्टर संचालन गर्नू पर्ने माँग गरेका छन् ।

# करारका कर्मचारीलाई हाजिर नगराउदा बिचल्लीमा

**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**
सप्तरीको महादेवा गाउँपालिकाको कार्यालय बथनाहामा करारका कर्मचारीलाई साउन १ गते देखि हाजिर नगराउदा बिचल्लीमा परेका छन ।

गापामा विभिन्न मितिमा गरी करिव ५ दर्जन भन्दा वढीलाई विभिन्न प्रकृया पुरा गरेर करारमा नियुक्ति गरेको थियो । उनीहरुलाई गाउँसभाको निर्णय नं. ३० मा कार्यपालिकाले विगतका आ.ब. हरुमा गापाका तथा अन्तर्गतका कर्मचारीहरुको दैनिक कार्य सञ्चालन गर्न विभिन्न मितिमा गरेका सवै सेवा करार नियुक्तीलाई समर्थन गर्दै निजहरुलाई दिएको भुक्तानीरकम समेत समर्थन गर्ने निर्णय भएको छ ।

गापा अध्यक्ष सुनिल कुमार मण्डलको संयोजकत्वमा ५ सदस्यीय कार्यालय ब्यवस्थापन समिति गठन गरी संगठन अनुसारका दरबन्दी ब्यवस्थापन गरी बाँकीरहेका सेवामा कार्यरत करार कर्मचारीहरुको २०७९ साउन १ गतेदेखि म्याद थप नगर्ने निर्णय गरिएकोमा मनोमानी तरीकावाट असार ३० गते करार सेवामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको करार सम्झौता नविकरण वा म्याद थप नहुने ब्यहोरा पत्र सार्वजनिक गरेको छ ।

यस प्रकार गाउँसभाको निर्णय विपरीत तानाशाही,एक पक्षिय,स्वेच्छाचारी निर्णयको विरोधमा सम्पुर्ण करारका कर्मचारी अदालत, विभिन्न ट्रेड युनियनलगायतमा ज्ञापन पत्र दिनुका साथै चरणबद्ध आन्दोलको कार्यक्रमसमेत अगाडी बढाउने करार कर्मचारी सधर्ष समितिको संयोजकरविन्द्र कुमार मण्डलले सञ्चारकर्मीलाई जानकारी दिएका छन् ।

समितिको संयोजक मण्डलले लामो समयदेखि कार्यरत योग्य तथा अनुभवी कर्मचारीहरुलाई कार्य सम्पादन मुल्याङ्कन नै गरी निक्ष्काशनको निर्णय गर्नु पुर्वाग्रहर गलत मनसायल गरेको निर्णय सच्चाउन मागं गरेको छ। सो सम्बन्ध गापा अध्यक्ष मण्डलले करार सेवामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको करार सम्झोता नविकरण वा म्याद थप नहुने गाउँसभाको निर्णयरहेको प्रतिकृया दिए ।

# नागरिकतासम्बन्धी विधेयक जतिसक्दो चाँडो पारित गर्नुपर्ने माग

काठमाडौँ, २ साउन (रासस) ।
सङ्घीय संसद्,राष्ट्रियसभाका सांसदहरुले नागरिकतासम्बन्धी विधेयक जतिसक्दो चाँडो पारित गर्नुपर्ने माग गर्नुभएको छ ।

सभाको सोमबारको बैठकको सुरुमै दलीय आधारमा बोल्दै नेकपा (एमाले) का सांसद खिमलाल भट्टराइले भन्नुभयो, “नागरिकताको विषय धेरै गम्भीर विषय हो, यसलाई द्रुत गतिबाट छिटो टुङ्ग्याउनुपर्छ,राष्ट्रिय सभाबाट छिटोभन्दा छिटो पास गर्नुपर्छ, सरकार यसमा गम्भीर बन्नैपर्छ ।”

सबै राजनीतिक पार्टीकोराजनीतिक यात्रा विकासको निम्ति हुनुपर्नेमा जोड दिँदै उहाँले पछिल्लो समयमा बढ्दै गएको महँगीको अन्त्य गर्नुपर्ने माग गर्नुभयो । सङ्घीयतालाई बलियो बनाउनेभन्दा पनि कमजोर बनाउने गरी सरकारले गतिविधि गरिरहेको उहाँले टिप्पणी गर्नुभयो ।

रुपन्देदीको तिलोत्तमा नगरपालिकामा आइतबार भएको घटनाबारे आपत्ति जनाउँदै उहाँले त्यसबारे गृहमन्त्रीको जवाफ माग गर्नुभयो । उहाँले सार्वजनिक लेखा समितिको सभापति आफैँले लेखापरीक्षण गरेको भन्दैराजीनामाको माग गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद बिना पोखरेलले नागरिकता विधेयकराष्ट्रियतासँग जोडिएको संवेदनशील विषय भएको जनाउँदै नागरिकतासम्बन्धी विधि सरल भए पनि नीति कठोर हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “नागरिकताको विषयमा छिमेकी मुलुकको गरेको कानुनी व्यवस्थार प्रयोगलाई पनि हेरिनु पर्दछ, नागरिकता प्रदान गर्ने विधि सरल

*बाँकी अन्तिम पृष्ठमा*

# देशभर ६० प्रतिशतरोपाइँ सम्पन्न

काठमाडौँ, २ साउन (रासस) ।
कृषि तथा पशुपक्षी विकास मन्त्रालयले देशभर ६० प्रतिशत धानरोपाइँ सम्पन्न भएको जनाएको छ ।

गत वर्ष असारमा ७६ प्रतिशतरोपाइँ भएकामा यसवर्ष ६० प्रतिशत मात्ररोपाइँ भएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता

*बाँकी अन्तिम पृष्ठमा*

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# विपद् व्यवस्थापनमा ध्यान दिऔं

प्राकृतिक विपद्का घटनाहरुबाट सप्तरी दशकौदेखी प्रभावित हुँदै आएको छ । विगतका वर्षहरुदेखी यो जिल्ला त्यस्ता विपद्बाट निकै प्रभावित हुने गरेको छ । प्राकृतिक विपद भन्नाले आगलागि, बाढी, चिसो लगायत पर्दछ । यी मध्ये सप्तरीमा सवैभन्दा बढी बाढी र त्यसपछि आगलागिका घटनाहरु मानिसहरु बढी प्रभावित हुने गर्दछ । बाढीबाट जिल्लामा करोडौं मुल्य बराबरको धन क्षति हुने गरेको छ । वर्षा हुने समय असारदेखी भदौसम्म हुने गरेकोले सो समयमा बाढी आउने प्रवल सम्भावना हुन्छ । सप्तरीमा बाढीबाट विगतका वर्षहरुमा मानविय क्षति समेत हुने गरेको छ । प्रत्येक वर्ष बाढी न्युनिकरणका लागि सरकारी बजेट पनि प्रयोग हुने गर्दछ । तर, उपलब्धी भने शुन्य हुन्छ । बाढी न्युनिकरण तथा रोकथामका लागि जिल्ला स्तरिय समिति ने बनेको छ । तर समितिले न्युनिकरण र रोकथामको सक्दो प्रयास गर्नु बाहेकको कार्य गर्न सकिरहेको छैन् ।

त्यस्तै फागुनदेखी वैशाख महिनासम्म हावाहुरी आउने मौसम रहेकोले यस अवधीमा आगलागिका घटना बढी मात्रामा हेन गर्दछ । यसप्रति सबै जनता सचेत रहनु पर्ने आवश्यक छ । प्रत्येक वर्ष जिल्लामा आगलागिबाट करोडौं मुल्य बराबरको धनको क्षति हुनुका साथै पशुचौपाया तथा मानिसहरु घाइते र मृत्यु समेत हुने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । हावाहुरी चलेको अवस्थामा जनता आफै संवेदनशिल भई सकभर आगो नबाल्नु नै उपयुक्त हुन्छ । बालबालिकालाई सलाई, लाइटर तथा प्रज्जवलनशिल बस्तुबाट टाढा राख्नु अभिभावक गम्भिर हुनुपर्दछ । यसबाहेक हावाहुरी चलेको बेला विद्युतीय सप्लाई मेनलाइनबाटै काट्न सके आगलागिका घटनाबाट बच्न सकिन्छ । प्राय गरि गाउँघरमा पराल तथा कच्ची घर रहेकाले उनीहरुले झनै सावधानी अपनाउनु आवश्यक छ ।

तसर्थ यस्ता घटनाप्रति सम्पूर्ण पालिकाहरुले सचेतनामूलक कार्यक्रम संचालनमा ल्याई गाउँ गाउँमा जनचेतना फैलाउन अग्रसरता देखाउनु आवश्यक छ । हुन त प्राकृतिक विपद कसैलाई भनेर आउँदैन् मात्र मानिसहरु त्यसप्रति सचेत रहनुका साथै घटना हुनबाट बच्ने उपाय रोज्नु पर्दछ ।

# नवविवाहित महिलाले मनाउने मधुश्रावणी पर्वको शुभराम्भ

धनुषा, २ साउन (रासस) ।

धनुषासहितका सम्पूर्ण मिथिलाञ्चल क्षेत्रमा नवविवाहित मिथिलानी (मिथिलाका नारी) ले सोमबारदेखि मधुश्रावणी पर्व सुरु गर्दैछन् । नवविवाहिता मिथिलानीले १३ दिनसम्म मनाउने मधुश्रावणी पर्वका लागि अहिले माइत पुगेका छन् ।

साउन कृष्ण पञ्चमीका दिन सुरु भई साउन शुक्ल तृतीयाका दिन सम्पन्न गरिने यस पर्वमा मिथिलानीका लागि हासपरिहासर मनोरञ्जनको माध्यम पनि बन्दै आएको छ । मिथिलाका प्रायःजसो बस्ती मधुश्रावणीको रङमा रङगिएको रौनक देखिएको छ । यो पर्व बर्तालुर उनका सखीको बस्त्र परिधानको सजधज, सामूहिक प्रणयगानर 'फूललोढी' (फूल खोज्ने) विधिले सबैको ध्यान खिच्ने गर्छन् ।

शिव, पार्वती (गौरी)र 'विषहरा' (नागदेवता) को आराधना गरिने यस पर्वमा भोलिपल्टको पूजार्अचनाका लागि एक दिनअघिको सन्ध्याकालमा सामुहिकरूपमा फूल खोज्न निस्कने विधिलाइ 'फूललोढी' भन्ने गरिन्छ । पर्वमा भगवान शङ्करर देवी गौरीलाई बासी फूल चढाइने गरिन्छ ।

"सूर्यास्त हुनपूर्वका बेलामा प्रणयगान गाउँदै विशेष वस्त्र परिधानमा सजिएका नवयौवना जब फूल खोज्ने विधिका लागि निस्कन्छन्, स्वाभाविकरूपमा वरपर हुने सबैको ध्यान त्यसतर्फ खिचिन्छ", मैथिलीका साहित्यकार तथा वरिष्ठ पत्रकाररामभरोस कापडी भ्रमर भन्नुहुन्छ "भर्खरै विवाहित जोडीको प्रणय सम्बन्ध प्रगाढ बनाउने कामनाभित्रको 'फूललोढी' विधिमा निस्केका मिथिलानीको त्यही विषय भाव समेटिएका गीतले आफ्ना सबै गुमाएको वा छोडेको फुटपाथेलाई पनिरोमाञ्चित गराउँछ ।"

आमरूपमा प्रगाढ प्रणय सम्बन्धको अपिलमा सामाजिक शिष्टता नाघिने शब्द हुनसक्ने अड्कल यहाँ नअटाउने कापडी बताउनुहुन्छ । "गीतका शब्दर भावले शिष्टता नाघेको भान हुँदैन", कापडीले भन्नुभयो, "गीत बर्तालुको प्रणय सम्बन्ध प्रगाढ होस् भन्ने भावमा सलल बगेको हुन्छ, जो अत्यन्त कर्णप्रिय लाग्दछ ।"

वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ । वनमारमाउने मयुर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन् । यस्तो बेला नवविवाहिता जोडीबीचरतिरागदेखि भावनात्मकरूपमा एकाकार गराउनु पर्वको मुख्य पक्षरहेको मिथिला संस्कृतिका जानकार क्षीरेश्वरनाथ नगरपालिका ७६ वर्षीय अवकाश प्राप्त शिक्षकरमापति चौधरी बताउनुहुन्छ । त्यसैले यो पर्व नवविवाहिताका लागि खास हुने गरेको छ । समूहमा 'फूललोढी' मा निस्केका नवयौवना मिथिलानी साउने झरीमा रुझ्दै आपसी परिहासमा मस्तरहेको दृश्य अघाउँजी नहेरी कुनै बटुवा अघि बढ्न हतार गर्दैनन् ।

नवविवाहिता मिथिलानीबीच आपसी हासपरिहास यस पर्वको विशिष्ट पक्षरहेको धनुषाका कर्मकाण्डर मिथिला संस्कृतिका ज्ञाता पण्डित इन्द्रकान्त झा बताउनुहुन्छ । पर्वमा नवविवाहिता मिथिलानी आफ्ना सखीबीच भर्खरै सुरु भएको दाम्पत्य जीवनका कौतुहलता, पतिले देखाउने वास्ताररतिरागसम्मका अनुभव साटासाट हुन्छन् । "बेहुली भएर पति घर गएदेखि मधुश्रावणी मनाउन माइत आएबीचका अन्तरङ्ग अनुभव बर्तालुले सुनाउँदा विवाह योग्य उमेर पुगेकी सखीको कौतुहलताको मापन के होला ?", जनकपुरधामका प्रसिद्ध साहित्यकार डाराजेन्द्र विमल भन्नुहुन्छ, "यो कुराको अनुमानले मात्र पनि जो कसैलाईरोमाञ्चित बनाउँछ ।"

पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देवर सोनार जातिका महिलाले मात्र मनाउने यो पर्व अब साझा भइसकेको छ । पतिघरबाट आएका सामग्री प्रयोग गरेर माइतमा मनाइने यो पर्व मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग नै बनेको मिथिलानी बताउँछन् ।

तेह्र दिनसम्म मनाइने यस पर्वमा शिव, पार्वती ( मधुश्रावणी व्रत विधानमा पार्वतीलाई गौरी नाम दिइएको छ)र विषहराको पूजाआराधना गरेपछि बर्तालुलाई ज्येष्ठ महिलाले मधुश्रावणी कथा सुनाउँछन् । यिनमा पौराणिक गाथामा आधारित मैना पञ्चमी, विषहरी, बिहुला, मनसा, मङ्गला गौरी, पृथ्वीको जन्म, समुद्र मन्थनर सतीको कथा हुने गरेका अहिले पर्व मनाउन माइत आएकी क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरकी आरती साह सोनार बताउनुहुन्छ ।

पर्वमा आफ्नो स्खलित भएको विर्य भगवान् शङ्करले पातमाराखेकार त्यही विर्यबाट पाँच नागकन्याको जन्म भएको कथा प्रचलित छ । कुनै तलाउमा जलक्रिडाका बेला जन्मेका यी छोरी भेट्न शिव जाने गरेकार यो वृत्तान्त थाहा नपाएकी पार्वतीलाई पतिप्रति शङ्का बढेपछि पिछा गरेकी कथा छ ।

एक दिन छोरीसँग खेलिरहेका पतिलाई देखेर क्रोधित भएकी पार्वतीलाई शिवले सबै कुरा बताएपछि क्रोध शान्त भएको प्रसङ्ग छ । पार्वतीलाई खुसी तुल्याएपछि शिवले साउन महिनामा यी नागिनीको पूजा गर्नेलाई सर्पको भय नहुने वरदान दिएबाट मधुश्रावणी पर्वमा विषहराको पूजा विधान सुरु भएको लोक जनविश्वास छ ।

देवी गौरी दाम्पत्य जीवन सुखद् बनाउनेर सबै मनोकामना पूरा गर्ने मानिएकीले उनको पूजाअर्चना नवविवाहिताले यसै अभिष्टका लागि सुरु गरेका मिथिला लोकसंस्कृतिका जानकार डारामसुदिष्टराय बताउनुहुन्छ ।

पर्वको मुख्य पक्ष नै नारी जीवनमा पतिपत्नीको स्नेहर सम्बन्ध प्रगाढ बनाउन केन्द्रितरहेकाले यससँग जोडिएर आउने ठट्यौलीर हासपरिहासले पर्वको महत्ता उज्यालिएको पाका मिथिलानीहरु बताउँछन् ।

प्राचीन वैदिक ग्रन्थ शिव पुराणमा कुष्ठरोग भएका आफ्ना पतिलाई ठीक गराउन मधुश्रावणी नाउँकी नवविवाहितालाई शिवले यो व्रत गर्न लगाएको प्रसङ्ग छ । शिवको आज्ञाअनुसार मधुश्रावणीका पति ठीक भएपछि पति कल्याणर आपसी सम्बन्ध प्रगाढताको कामनाराखिने यो पर्व परम्परा चलेको विश्वास गरिन्छ ।

बर्तालुले साउन कृष्ण चौथी (चतुर्थी) का दिन पवित्र स्नान गरेर चोखोनितो बनेपछि वर्त सङ्कल्प गर्दछन् । व्रत अवधिभरि मन पवित्र बनाएर सात्विक भोजन गर्नुपर्ने विधान छ । सधैं दिउँसोपछि सूर्यास्त हुनपूर्व सखीसहेलीका साथ हाँस्दै, खिल्लिँदै प्रणयभावका गीत गाउँदै 'फूललोढी'मा निस्कनु तथा सङ्कलन गरिएका बेलपत्रर विभिन्न जातका फूलराति बासीराखेर भोलिपल्ट त्यसैले शिव, पार्वतीर विषहराको पूजा आराधना गरेर कथा श्रवण गर्नु पर्वअवधिको मुख्य तालिका हो ।

बर्तालुले सधैं बिहान पवित्र स्नान गरेर पूजाआराधना गरेर कथा श्रवण गरेपछि सात्विक भोजन गर्ने गर्छन् । पर्वमा अटल सौभाग्यकी देवी मानिने गौरीको पूजा आराधनाका लागि छुट्टै नैवेद्य बनाउने चलन पनि छ ।

माइतमै बसेर मनाइने भए पनि पर्वमा नवविवाहिताका लागि व्रत अवधिको खाद्यान्न, वस्त्रपरिधान, बर्तालुका शृङ्गार प्रशाधन, पूजा सामग्रीर अन्य पर्व विशेषका आवश्यक वस्तु पतिघरबाटै पुऱ्याइनुपर्ने चलन छ ।

माइतीघरको आँगन वा अन्य सुरक्षित ठाउँमा बनाइएको खास मण्डप ( अरिपन)मा बसेर त्यहीं देवता स्थापित गरेर यो पर्व मनाइन्छ । कूल देवताको स्मरण गरेर सुरु गरिएको पूजाआराधनामा प्रत्येक दिनको पूजापछि माइती घरका ज्येष्ठ सदस्यबाट बर्तालुले आशीर्वाद लिने गर्छन् । पर्व १३औं दिनमा समापन गरिन्छ । समापन भएपछि दिनहुँ पूजा गरिएका बेलपत्रर फूल सङ्ग्रह गरेर पवित्र नदी वा तलाउमा विसर्जन गरिने चलन छ ।

यसअघि १२औं दिन साँझ पूजाअर्चनापछि बर्तालुलाई 'टेमी' दिने गरिन्छ । दियोमा बालिने बत्तीको लप्कोले बर्तालुको देब्रे गोडाको घुँडामा डाम्ने विधिलाई 'टेमी' भन्ने गरिएको हो । 'टेमी' दिइएको ठाउँमा फोका उठे पति पत्नीबीच प्रेमसम्बन्ध अत्यन्त गाढा हुने मानिन्छ । पछिल्लो कालमा भने नयाँपुस्ताका मिथिलानीले 'टेमी' प्रचलनलाई परिष्कृत गरिनुपर्ने आवश्यकता औंल्याएका छन् । पर्वमा बर्तालुलाई बलेको बत्तीको लप्काले डाम्नुको सट्टा शीतल चन्दनको लेप उपयुक्त हुने नयाँ पिँढीका मिथिलानीको भनाइ छ । पछिल्ला केही वर्षयता यो चलनमा आउन थालेको मिथिलानीले बताएका छन् ।

विधिमा केही परिस्कारको कुरा उठेकार समयक्रममा ती स्थापित हुने मैथिल बुद्धिजीवी बताउँछन् । पर्वको अभीष्ट नै प्रेम सम्बन्धको प्रगाढता भएकाले यसले मैथिल संस्कृति पारिवारिक सद्भाव वृद्धिमा सचेतरहेको सन्देश नै प्रवाह भएको कुरामा मैथिल एकमत देखिन्छन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढ्यो

**सिबी अधिकारी**
काठमाडौँ, २ साउन (रासस)।

सरकारलेराष्ट्रिय गौरवको आयोजनाका रूपमारहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढाउने भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयर नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले निजगढ विमानस्थल अघि बढाउने निष्कर्ष निकाल्दै त्यसका लागि आवश्यक प्रक्रिया अघि बढाएको हो।

निजगढ विमानस्थलका सम्बन्धमा सर्वोच्च अदालतको अन्तिम फैसलापछि निर्माण प्रक्रिया अघि बढाउन विज्ञ समिति गठन गरेर थप अध्ययन गरी उपयुक्त स्थानमा विमानस्थल बनाउने गरी अघि बढिने मन्त्रालयले जनाएको छ। उक्त विमानस्थल निर्माण अघि बढाउनका लागि प्राधिकरणको बोर्ड बैठकले विज्ञ समिति गठन गर्ने निर्णय गरेको छ। पर्यटन मन्त्रालयले केही दिनभित्रै मन्त्रिपरिषद्मा उक्त प्रस्ताव लगेर विभिन्न विज्ञहरुको समितिलाई पूर्णता दिइनेर सो समितिको प्रतिवेदनका आधारमा विमानस्थल निर्माण अघि बढाइने मन्त्रालयले जनाएको छ।

सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सोमबारको बैठकमा पर्यटनमन्त्री जीवनराम श्रेष्ठले सर्वोच्च अदालतको फैसलाको सम्मान गर्दै विज्ञहरुबाट थप अध्ययन गरी कमभन्दा कम वातावरणीय क्षति हुने गरी निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "निजगढ विमानस्थलराष्ट्रिय गौरवको आयोजना भएकोर नेपालको पर्यटन क्षेत्रको विकासका लागि अपरिहार्य आयोजना हो। यो देशको अर्थतन्त्रमा 'गेमचेन्जर' परियोजना भएकाले मन्त्रालयले उच्च प्राथमिकता दिएर सर्वोच्चको फैसलाअनुरूप निर्माण प्रक्रिया अघि बढाएका हौँ। फैसलाको विज्ञहरुबाट थप अध्ययन गराई आवश्यक निर्णय लिन्छौँ।"

राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकृत निजगढ विमानस्थल निर्माणका लागि प्रारम्भिक चरणमा रु एक खर्ब २० अर्ब लाग्ने अनुमान गरिएको छ। प्राधिकरणले यो परियोजनाको विस्तृत डिजाइन कार्य गरिरहेको छ।राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा निर्माण मोडालिटीसम्बन्धी सिफारिस समितिले आवश्यक काम गरिरहेको छ। हालसम्म निजगढ विमानस्थलको नाममा आठ हजार ५० हेक्टर जग्गा अधिग्रहण गरिनुका साथै परियोजनाका लागि प्राधिकरणले रु तीन अर्ब खर्च गरिसकेको छ। परियोजनासँग जोडिएको द्रुत मार्गमा सरकारले रु दुई खर्ब लगानी गरिसकेको छ।

समितिका सभापति पवित्रा निरौला (खरेल) ले नेपालको विकासर आर्थिक समृद्धिका लागि महत्वपूर्ण आयोजना निजगढ विमानस्थल निर्माण प्रक्रिया शीघ्ररूपमा अघि बढाइनुपर्ने बताउनुभयो। उहाँले विगत २७ वर्षदेखि चर्चामारहेकोर धेरै विज्ञहरुले उपयुक्त ठहऱ्याएको निजगढ विमानस्थल निर्माणका लागि सर्वोच्चको पूर्ण फैसलालाई आत्मसाथ गर्दै कानून, न्याय तथा संसदीय मामिलामन्त्रीसँग छलफल गरी समितिले आवश्यक निर्णय लिने जानकारी दिनुभयो।

हालै प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तारूढ दलका शीर्ष नेताहरुले निजगढ विमानस्थलको स्थलगत अवलोकन गरी विमानस्थल निर्माण प्रक्रिया अघि बढाउनर दुई लेनको धावनमार्गसहितको अत्याधुनिक विमानस्थल निर्माण प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको थियो।

निजगढ विमानस्थलको कार्य प्रगतिर आगामी योजनाबारे सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले सोमबार पर्यटनमन्त्रीर प्राधिकरणका महानिर्देशकसँग निजगढ विमानस्थलको अवस्थार अबको कार्यदिशाबारे जानकारी लिएको हो। बैठकमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले निजगढ विमानस्थल निर्माणका लागि सर्वोच्च अदालतले बाटो खोलिदिएको भन्दै मन्त्रालयर मातहत निकायले अलमल नगरिकन निर्माण प्रक्रिया अघि बढाइनुपर्ने धारणाराख्नुभयो। उहाँले हालै प्रधानमन्त्रीसहित पूर्व प्रधानमन्त्रीलगायत नेताहरुले निजगढ विमानस्थलको अवलोकन गरी स्थानीय सरकारर सरोकारवालासँग छलफल गरेको तथा प्रधानमन्त्रीले दुई लेनसहितको विमानस्थल बनाउन निर्देशन दिइसकेकाले आयोजना अघि बढाउन बिलम्ब गर्न नहुने उल्लेख गर्नुभयो।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले सर्वोच्च अदालतको अन्तिम फैसलाले निजगढ विमानस्थल निर्माणको हालसम्मको प्रक्रिया बदर गरेकोर विज्ञ समिति गठन गरेर थप अध्ययन गरी उपयुक्त स्थानमा विमानस्थल बनाउन सन्देश दिएको जानकारी दिनुभयो। उहाँका अनुसार अदालतको आदेशअनुरूप प्राधिकरण बोर्ड बैठकले विज्ञ समिति गठन गर्ने निर्णय गरिसकेको छ। उक्त समितिमारहने विज्ञहरुको नाम केही दिनभित्रै मन्त्रिपरिषद्मा पेश गरी समितिलाई पूर्णता दिइनेछ। उक्त समितिको अध्ययन प्रतिवेदनका आधारमा विमानस्थलको आगामीरणनीति तयार गरिने महानिर्देशक अधिकारीको भनाइ छ।

सो अवसरमा समितिका सभापति निरौलाले समितिले यसअघि गरेका निर्यण कार्यान्वयनका लागि पर्यटनमन्त्री श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो। उहाँले निजगढ विमानस्थल सम्बन्धमा समिति गठनभएपश्चात पाँच पर्यटन मन्त्रीले नेतृत्व गरेर विमानस्थल बनाउने प्रतिबद्धता जनाएको तथा समितिले दुई वटा उपसमिति बनाएर स्थलगत अवलोकन गरेर प्रतिवेदन मन्त्रालयलाई बुझाएको जानकारी गराउनुभयो।

सांसदहरु भीमबहादुररावल, सुरेन्द्रकुमार कार्की, देवप्रकाश तिमल्सिना, चाँदताराकुमारी, पुष्पाकुमारी कर्ण कायस्थ, दीपकप्रकाश भट्ट, मोहन बानियाँररेनुका गुरुङले सबै हिसाबले उपयुक्त निजगढमा अत्याधुनिक सुविधायुक्त विमानस्थल निर्माण प्रक्रिया चाँडो अघि बढाइनुपर्नेमा जोड दिनुभयो।

# साउन महिनामा नेपाली नारी : मेहन्दी र हरियो चुरा लगाउने 'क्रेज' बढ्यो

धनुषा, २ साउन (रासस)।

साउन महिनाको पहिलो सोमबार। प्रायः महिलाका नाडी काँचका हरिया चुरामा सजिएको देखिन्छ। साउन लागेलगत्तै हिन्दू महिलामा छुट्टै उत्साह र उमङ्ग छाएको छ। रातो, पहेँलो र हरियो चुरापोते तथा कपडा महिलाको रोजाइमा परेको छ।

पछिल्ला वर्षमा किशोरीमा समेत मेहन्दी र हरियो चुरा लगाउने 'क्रेज' बढेको छ। 'क्रेज' बढ्नुलाई धार्मिक विश्वास तथा फेसनका रूपमा लिन सकिन्छ। विशेषगरी साउनको सोमबार शिवजीको व्रत र पूजा गर्ने चलन छ। यद्यपि यस महिनाका सबै दिन उत्तिकै महत्वका साथ लिइन्छ।

जनकपुरधामकी स्थानीयवासी तथा नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य रिङ्कु गायत्री मिश्र आफूले धार्मिक विश्वासका कारण चुरा लगाएको बताउनुभयो। "साउनमा हरियो चुरा लगाउँदा चिताएको पुग्छ भन्छन्, मैले पनि लगाएँ", मिश्रले भन्नुभयो।


साउन महिना धार्मिक, सांस्कृतिक एवं प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण भएकाले महिनाभरि आफू हरियो चुरा लगाउने मधेस प्रदेश चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डकी सदस्यसमेत रहनुभएकी जनकपुरधामकी पुष्पा यादवको भनाइ छ। यादवले हरियो चुरासँगै मेहन्दीले हात सजाउनुभएको छ।

क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरकी सपना गिरीले साउने सङ्क्रान्तिका दिन परम्परादेखि चलिआएको लुतो फाल्ने चलन विस्तारै हराउँदै गएको तर हरियो चुरा तथा मेहन्दी लगाउनेको सङ्ख्याचाहिँ वर्षैपिच्छे बढ्दै गएको बताउनुभयो। "परिवारमा भएका सदस्यका हत्केला र पाखुरामा मेहन्दी तथा चुरा देखेपछि सबैले रहरले लगाउने गरेका छन्", उहाँले भन्नुभयो, "घरैभरि सबैले लगाएका छन्, कसैको हात खाली छैन।"

कतिपयले हरियो चुरा लगाइसकेपछि फुटाउनु हुँदैन भनेर महिनाभर होसियारी अपनाउने गर्दछन्। साउनमा शृङ्गारका सामान अन्य महिनाको तुलनामा निकै बिक्री हुने व्यापारी बताउँछन्।

साउनको पहिलो दिनदेखि नै

*बाँकी अन्तिम पृष्ठमा*


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### सुडानको जातीय दङ्गामा परी ६५ जनाको मृत्यु

खार्तोम, २ साउन (रासस/सिन्ह्वा)।

सुडानको खार्तोममा भएको जातीय दङ्गमा परी मृत्यु हुनेको संख्या ६५ पुगेको बताइएको छ।सुडानको ब्लु नाइल प्रदेशमा भएको सो जातीय दङ्गाको घटनामा परी आइतबार बिहानसम्ममा मृत्यु हुनेको संख्या ६५ जना पुगेको यहाँको अल सुडान दैनिक पत्रिकाले जनाएको छ।

सुडानको ब्लु नाइल प्रदेशका केही ठाउँमा जातीय दंगा भएका छन्, ती घटनामा परी कम्तीमा पनि ६५ जनाको मृत्यु भएको उक्त दैनिक पत्रिकाले जानकारी दिएको छ। सो दङ्गामा परेर अरु दर्जनौँ व्यक्ति घाइते पनि भएका यहाँका एक सुरक्षा समितिले जारी गरेको वक्तव्यमा जनाइएको छ।

झडपका क्रममा कैयौं पसलहरु क्षतिग्रस्त भएका छन् भने केही घरमा आगजनी पनि गरिएको अधिकारीहरूले जानकारी दिएका छन् ।आइतबारसम्म सुरक्षाकर्मीहरूले परिस्थिति नियन्त्रणमा लिइसकेको जनाएका छन् भने केही शंकास्पद व्यक्तिहरूलाई पक्राउ गरेका छन्।

सुरक्षा समितिले घटनास्थलमा कर्फ्यु आदेश जारी गरेको छ। कर्फ्यु लगाइएको क्षेत्रमा मानिसहरुलाई आवतजावत र भिडभाड गर्न निषेध गरिएको छ। स्थानीय बेर्टी र हौसा जातीय समूहका बीचमा झडप भएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। उनीहरूले विभिन्न हतियारको प्रयोग गरेका थिए।

अफ्रिकी मुलुक सुडानको पूर्वी क्षेत्रमा पर्ने ब्लु नाइल प्रदेश इथियोपियाको सीमा क्षेत्र हो। सुडानमा लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्व तथा राजनीतिक सङ्कट छ।

### श्रीलङ्कामा संकटकाल घोषणा

कोलम्बो, २ साउन (रासस/सिन्ह्वा)।

श्रीलङ्कामा सङ्कटकालको घोषणा गरिएको छ। श्रीलङ्काका कार्यबाहक राष्ट्रपतिले सोमबार सङ्कटकालाको घोषणा गर्नुभएको हो।

उहाँले सोमबारबाट लागू हुने गरी श्रीलङ्कामा संकटकालको घोषणा गर्नुभएको समाचारमा जनाइएको छ। श्रीलङ्काका कार्यबाहक राष्ट्रपति रनिव विक्रमासिंघले राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न, नागरिकको जीवन रक्षा गर्न तथा यहाँका नागरिकहरुका लागि अत्यावश्यकीय सेवाको आपूर्ति गर्नका लागि सङ्कटकालको घोषणा गर्न आवश्यक रहेको बताउनुभएको थियो।

सोही बमोजिम राष्ट्रपति विक्रमासिंघेले सोमबार एक विशेष सूचनामार्फत् देशव्यापी रुपमा सोमबारदेखि नै लागू हुनेगरी सङ्कटकालको घोषणा गर्नुभएको बताइएको हो।

उता श्रीलङ्काली संसदले यही जुलाई २० मा नयाँ राष्ट्रपतिको निर्वाचन गर्ने भएको छ। जुलाई २० मा यहाँको संसदले नयाँ राष्ट्रपतिको निर्वाचन गर्न लागेको र त्यसका लागि मङ्गलबार उम्मेदवारी दर्ताको कार्यक्रम रहेको जानकारी सभामुखले यसअघि नै दिनुभएको छ।

यहाँका राष्ट्रपति गोटाबाया राजपाक्ष भागेर सिंगापुर पुग्नुभएको छ। त्यसपछि यहाँको कार्यबाहक राष्ट्रपतिमा प्रधानमन्त्री रनिल विक्रमासिंघे नियुक्त हुनुभएको हो।

श्रीलङ्का पछिल्लो समयमा आर्थिक सङ्कटमा फसेको छ। देश आर्थिक सङ्कटमा फसेसँगै यहाँको राजनीतिक अस्थिरतामा पनि थप बढ्दै गएको बताइएको छ।

### विमानहरु आकाशमा ठोक्किँदा चारको मृत्यु

लस एन्जलस, २ साउन (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकाको नाभाडा राज्यको उत्तरी लस भेगास एयरपोर्टमा आइतबार मध्याह्न यात्रा गरिरहेका साना विमानहरू आकाश ठोक्किँदा चार जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। शुरुमा चार जनाको मृत्यु भएको जनाएको छ। दुर्घटना अझै अनुसन्धान जारी रहेको उत्तरी लस भेगास फायर डिपार्टमेन्टले ट्वीट गरेको छ।

पाइपर पीए-४६ अवतरणको तयारी गरिरहेको अवस्थामा सेस्ना १७२ सँग ठोक्किएर दुर्घटना भएको प्रारम्भिक जानकारीले देखाएको छ। प्रत्येक विमानमा दुई जना सवार रहेका जनाइएको छ।

### युक्रेनी सुरक्षा प्रमुख बर्खास्त

युक्रेन, २ साउन (रासस/सिन्ह्वा)।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सुरक्षा सेवाका प्रमुख र राज्यका केही अभियोजकलाई देशद्रोह र रसियासँग साँठगाँठ गरेको आरोपलगायत अन्य धेरै आक्षेप लगाउँदै बर्खास्त गरेका छन्।

सुरक्षा सेवाका प्रमुख इभान बाकानोभ र रुसी युद्ध अपराधको अभियोग निरुपण गर्ने निकायको नेतृत्व गर्ने अभियोजक जनरल इरिना भेनेडिक्टोभालाई बर्खास्त गरेका हुन्। उनीहरुले युक्रेनविरुद्ध रुस नियन्त्रित क्षेत्रहरूमा काम गरेका ,आफ्नो भूमिमा रुसी घुसपैठलाई अनदेखा गरेको, राज्यको राष्ट्रिय सुरक्षालाई वेवास्ता गरेकोलगायत आरोप राष्ट्रपति जेलेन्स्कीले लगाएका छन्।

# चार सय ५७ कोरोना संक्रमित, एकको मृत्यु

काठमाडौँ, २ साउन (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप ४ सय ५७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने एक जनाको संक्रमणका कारण मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा चार हजार ६ सय ५१ जनाको नमूना परीक्षण गरिएको थियो। दुई हजार ३ सय ४१ जनाले पिसीआरर दुई हजार ३१० जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। सो अवधिमा ४८ कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६८ हजार ६४ पुगेको छ। संक्रमणमुक्त हुने दर ९८ दशमलव छ प्रतिशतरहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा ९८ हजार ९०० ले कोभिड विरुद्धको खोप लगाएका छन्। हाल सक्रिय संक्रमितको संख्या एक हजार ७ सय ७६रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९ सय ५४ पुगेको छ। होम आइसोलेशनमा एक हजार ७०१, संस्थागत आइसोलेशनमा ७५, आइसियु १५र भेण्टिलेटरमा एक संक्रमितरहेका छन्।

हाल ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौँरहेको छ। शून्य संक्रमितरहेका जिल्लामा ताप्लेजुङ, मनाङ, मुस्ताङ, जाजरकोट, कालीकोट, मुगु, बाजुरार डढेलधुरारहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा एक हजार १३, ललितपुर ९२र भक्तपुरमा २८ सक्रिय संक्रमितरहेको मन्त्रालयले जनाएको छ। कुल संक्रमण दर १७ प्रतिशतरहेको छ।

# एआईजी विश्वराज पोखरेलले दिए राजीनामा

**दैनिक समाचारदाता**
**काठमाडौं, २ साउन।**

नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी) विश्वराज पोखरेलले राजीनामा दिएका छन्।

उनले सोमबार नेपाल प्रहरीको मानव स्रोत विभागमा आफैं उपस्थित भएर राजीनामा दिएका प्रहरी प्रधान कार्यालय स्रोतले जानकारी दिएको छ।

धिराजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक नियुक्त गर्ने सरकारको निर्णयविरुद्ध पोखरेलले सर्वोच्च अदालतमा हालेका थिए। गत शुक्रबार सर्वोच्च अदालतले आफ्नो पक्षमा फैसला नदिएपछि पोखरेलले राजीनामा दिएका हुन्।

उनले दिएको राजीनामा प्रहरी महानिरीक्षकमार्फत गृह मन्त्रालयमा र गृह मन्त्रालयबाट मन्त्रिपरिषदमा पेश हुनेछ। एआईजीको राजीनामा मन्त्रिपरिषदले स्वीकृत गर्नुपर्ने व्यवस्था छ।

सरकारले सिंहलाई आईजीपी बनाएलगत्तै पोखरेल विदामा बसेका थिए। तत्कालीन महानिरीक्षक शैलेश थापा क्षेत्रीले उनको एक महिने विदा स्वीकृत गरेका थिए। पुनः विदा माग गरेपछि आईजीपी सिंहले स्वीकार गरेनन्। अनलाइन खबरबाट

# यसकारण उकालो लाग्दैछ संक्रमणको ग्राफ

काठमाडौँ, २ साउन (रासस)।

कोरोना भाइरसको संक्रमण एक हप्तादेखि उकालो लागेको छ। गत असार २६ गते पहिलो पटक १०० भन्दा बढी रहेको संक्रमितको संख्या सोमबारसम्म आइपुग्दा संक्रमण ४५७ पुगेको छ।

असार २६ गते १२१ मा संक्रमण र ६७८ सक्रिय संक्रमित रहेकोमा सोमबार सक्रिय संक्रमित एक हजार ७७६ पुगेका छन्। आइतबार साउन १ गते र सोमबार संक्रमणका कारणले एक/एक संक्रमितको ज्यान गएको छ।

संक्रमण असारदेखि उकालो लाग्न थालेको हो। असार २७ गते १६८, असार २८ गते १७७, असार २९ गते २०६ असार ३० गते २६०, असार ३१ गते २२९, असार ३२ गते २०५ र साउन १ गते १३५ मा संक्रमण देखिएको छ। शून्य दशमलव पाँच प्रतिशतमा रहेको संक्रमण अहिले ९.८२ प्रतिशत पुगेको छ। पाँच सयभन्दा बढी संक्रमित काठमाडौँ जिल्लामा रहेका छन्। शून्य संक्रमित हुने जिल्ला पनि घटेर आठ मात्र पुगेको छ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दास भारतमा संक्रमण बढेसँगै नेपालमा पनि संक्रमण बढेको बताउनुहुन्छ। "भारतमा दैनिक संक्रमण बढिरहेको छ। भारतबाट हजारौँ मानिस नेपालको सीमा हुँदै प्रवेश पनि गरिरहेका छन्", उहाँले भन्नुभयो, "ती सीमा नाकाबाट प्रदेश गर्नेमा दैनिक संक्रमण देखिएको छ। ती मानिसले नै संक्रमण सारिरहेका छन्।"

उहाँका अनुसार भारतमा संक्रमण बढ्नुका साथै नेपालमा जनस्वास्थ्यका मापदण्ड लागू नगर्नाले संक्रमण बढेको हो। मानिसले जनस्वास्थ्यका मापदण्ड मास्क नलगाउने, भीडभाड गर्ने, साबुन पानीले हात नधुने, भौतिक दूरी कायम नगर्ने जस्ता कारणले पनि संक्रमण फैलिएको बताइन्छ।

नेपालमा पनि अणुवाङ्शिक (जीन सिक्वेन्सिङ) अध्ययन गर्दा ओमिक्रोन भेरियन्ट 'विएफाइभ' प्रजातिको संक्रमित भेटिएको छ। उहाँले बिएफाइभ प्रजातिको संक्रमण फैलिने उच्च दर रहेकाले अहिले संक्रमित बढेको बताउनुभयो। महाशाखाका निर्देशक डा दासले संक्रमित बढ्न थालेपछि अस्पताल र प्रयोगशालालाई तयारी अवस्थामा राखिएको बताउनुभयो।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा मनिषा रावल गत हप्तादेखि बिरामी उपचारका लागि आउने गरेको बताउनुहुन्छ। उहाँका अनुसार अस्पतालमा तेस्रो लहरपछि पहिलो पटक असारमा बिरामी उपचारका लागि आएका थिए। अहिले अस्पतालमा पाँच जनाको उपचार भइरहेको छ। तीमध्ये सघन उपचार कक्ष (आइसियु) मा एक र चारले क्याबिनमा उपचार गराइरहेका छन्।

अस्पतालमा हिजो साउन १ गते ३८ परीक्षण गर्दा १८ मा कोरोना पोजिटिभ देखिएको थियो। उहाँले अहिलेका बिरामीमा ज्वरो, रुघाखोकी भए पनि गम्भीर नरहेको र अक्सिजन नचाहिएको बताउनुभयो।

### साउन महिनामा ...

बजारमा रहेका शृङ्गार सामानका पसलमा चुरापोते, हरिया, राता, पहेँला वस्त्र खरिदकर्ताका भीड बढेसँगै व्यापार बढिरहेको व्यापारीको भनाइ छ। महेन्द्रनगरस्थित मीना शृङ्गार पसलकी प्रोप्राइटर मीनादेवी साहले मध्य असारदेखि नै हरियो चुराको बिक्री बढेको बताउनुभयो।

यस महिनाको सोमबार शिवको मन्दिरमा पूजा गर्न जाने महिलाको घुइँचो हुने गर्छ। विशेषगरी विवाहित महिला यसमा सहभागी हुने र व्रत पनि बस्ने गर्छन्। महिलाले पतिको सुख, शान्ति र दीर्घायुको कामना गर्दै व्रत बस्ने गर्दछन्।

जनकपुर उपमहानगरपालिका भानुचोक बस्दै आएकी तुलसा भट्टराईले पनि साउन महिनाको पहिलो दिनदेखि नै हातमा हरियो चुरा, मेहेन्दी र रातो कुर्था सलवारमा सजिएर हिँड्ने र सोमबार व्र समेत बस्न थालेको बताउनुभयो।

उहाँका श्रीमान् वैदेशिक रोजगारको सिलसिलामा साउदी अरेबियामा हुनुहुन्छ। श्रीमान्को दीर्घायुको कामना गर्दै साउने सोमबारमा व्रत बस्नुभएको हो। उहाँले आफ्नी सानी छोरीलाई समेत हातभरि हरियो रङको चुरा र मेहेन्दी लगाइदिनुभएको छ। साउन महिनामा घरायसी महिलादेखि अफिसमा काम गर्ने र ड्युटीमा खटिएका कतिपय महिला ट्राफिक प्रहरीसमेतले हरियो चुरा लगाएको देखिन्छ। हरियो चुरा, पोते लगाउने शास्त्रीय मान्यता नभए पनि यसको चलन बढ्दो छ।

हातमा हरियो, रातो र पहेँलो चुरा लगाएर शिवजीको पूजा गर्दा खुसी बढ्ने कतिपय महिला बताउँछन्। महिला आफ्नो श्रीमान्को सुस्वास्थ्यका लागि सोमबारको व्रत बस्ने विश्वास गरिन्छ। यो एउटा आस्था पनि हो। सबै हिन्दू नारीको साउन महिना चाड बन्न पुगेको छ।

कतिपयले यसलाई अनावश्यक तडकभडकका रूपमा पनि मनाउन थालेका छन्। नेपालमा मात्र नभएर विदेशमा पनि यो चलन फस्टाएको देखिन्छ। हिन्दू धर्म संस्कृति मान्ने महिलामा मात्र सीमित मेहन्दी र चुरा हिजोआज सबैजसो महिला र युवतीको रोजाइमा पर्छ।

"पहिले गाउँघरमा मेहन्दी पाइँदैन थियो। मेहन्दी लगाउने चलन पनि थिएन। महिलाले आँगन र बारी जतातत्तै पाइने तिउरे फूलको पात हत्केलामा दल्थे। हिजोआज तिउरेको ठाउँ मेहन्दीले लिएको छ", बर्दिवासकी महिला अधिकारकर्मी उर्मिला कार्कीले भन्नुभयो।

साउनमा हरियो चुरा/मेहन्दी लगाउँदा आफ्नो घरमा राम्रो हुने तथा सर्पदंशबाट जोगिइने विश्वास छ। तर पछिल्लो समय धार्मिक आस्थाका आधारमा मात्र नभई देखासिकीका रूपमा पनि चुरा/मेहन्दी लगाइएको कतिपयको बुझाइ छ।

**के छ पौराणिक मान्यता ?**

पौराणिक मान्यताअनुसार साउन महिना शिवको महिनाका रूपमा लिइन्छ। पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेर 'भगवान् शिव'लाई प्राप्त गरेको प्राचीन विश्वासका आधारमा महिलाले यसलाई बढी महत्वका रूपमा लिने गर्छन्। साउनमा हरियो पहिरिँदा शिव खुसी हुने धार्मिक विश्वास छ। हरियो रङ प्रकृति, उर्वरता, बहुलता, सौभाग्य र सकारात्मक ऊर्जाको वृद्धिको प्रतीक रहेको पनि कतिपयको बुझाइ छ।

हरियो उपचारको रङ पनि हो जो मुटसँग जोडिएको हुन्छ। उच्च रक्तचापको समस्याका लागि पनि हरियो राम्रो मानिन्छ। विवाहित जोडीको सुमधुर सम्बन्धमा पनि शयनकक्षको दक्षिण पूर्वी हिस्सामा हरियो रङ लगाएमा दाम्पत्य जीवन सुखी हुन्छ भन्ने वास्तुशास्त्रमा उल्लेख गरिएको छ।

**यसकारण लगाइन्छ हरियो**

शास्त्री नवीन प्रियदर्शीका अनुसार हरियो रङ सौभाग्यको प्रतीक हो। साउन महिना हरियालीको महिना पनि हो र यो महिना प्रकृतिसँग आफूलाई जोड्ने महिना पनि हो। यस महिनामा हरियो रङका कपडा लगाएर प्रकृतिसँग नजिकिने गरिएको हो।

शास्त्रमा प्रकृतिलाई ईश्वरका रूपमा लिइन्छ। हरियो चुरा र साडी लगाएर नारीले प्रकृतिलाई विशेष पूजा गरेमा आफू र पतिको आयुसमेत बढ्ने धार्मिक विश्वास छ। संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडी 'भ्रमर'का अनुसार हरियोलाई प्रेमको, रातोलाई सौभाग्यको एवं पहेँलोलाई पवित्रताको प्रतीकका रूपमा लिइन्छ। हरियो रङ बुध ग्रहको समेत प्रतीक रहेको बताइन्छ। बुध ग्रह भविष्य तथा व्यापारसँग जोडिने धार्मिक मान्यता छ।

### देशभर ६० ...

प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो।

रोपाइँको तथ्याङ्क प्रदेशसँगको समन्वयमा तयार गरिएको हो। गत वर्षको तुलनामा करिब आठ प्रतिशतको हाराहारीमा कमरोपाइँ भएको देखिएको छ। विशेषगरी प्रदेश नं १, मधेश प्रदेशर लुम्बिनी प्रदेशमा मनसुन सुरु हुन ढिला भएका कारणरोपाइँ कम भएको हो।

मनसुन सुरु हुनासाथ यही साउन दोस्रो सातासम्म सामान्य हिसाबले ती प्रदेशमारोपाइँ हुने मन्त्रालयले जनाएको छ।रोपाइँमा मलको अभाव भएकाले उत्पादनमा त्यसको केही असर पर्ने देखिएको छ। हालसम्म मन्त्रालयले विगत वर्षमा जस्तै लगभग शतप्रतिशतरोपाइँ हुने अनुमान गरेको छ।

### नागरिकतासम्बन्धी ...

तर नागरिकतासम्बन्धी हाम्रो नीति भने कठोर हुनुपर्दछ।"

नेपाली कांग्रेसका सांसद जीतेन्द्रनारायण देवले नेपालको परराष्ट्र नीति प्रष्टर एकरुपता हुनुपर्नेमा जोड दिनुभयो। उहाँले एमसिसीका बारेमा भएका टिका टिप्पणीबारे सरकारको प्रष्ट धारणा बन्नुपर्ने धारणाराख्नुभयो।

बाढीपहिरोबाट जोगिन

➢जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउछ।
➢वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
➢पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
➢आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
➢बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

आफु पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money — a CHAUDHARY GROUP initiative

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*